# पनौती नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ८ संख्या :७ मिति : २०८१/०४/०१

भाग-१

## पनौती नगरपालिकाको

### पनौती नगरपालिकाको साँस्कृतिक सम्पदा संरक्षण ऐन, २०८१

**प्रस्तावना** : पनौती नगरपालिकाभित्र रहेका प्राचीन, पुरातात्वीक, धार्मिक, सांस्कृतिक एवं पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण सम्पदा, भाषा, भौतिक संरचना, बसोबासको क्षेत्र, जनजीवन एवं मूर्त र अमूर्त सास्कृतिक सम्पदाको संरक्षण, संवर्धन, उत्थान, व्यवस्थापन र समुचित विकास गर्न वान्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम नगर सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो ऐनका नाम "साँस्कृतिक सम्पदा संरक्षण ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "साँस्कृतिक" भन्नाले विभिन्न जातजातीका पुर्खाहरुले सिर्जना गरेका भाषा, लिपी, रहन सहन, रिति, रिवाज, सामाजिक जनजीवन/जीवनशैली आदि सम्झनु पर्छ ।

(ख) "सम्पदा" भन्नाले भाषा, भौतिक संरचना, बसोबासको क्षेत्र लगायत प्राचिन ऐतिहासिक जात्रा पर्व पुजा मेला पुरातात्वीक र पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण धरोहर एवं अवयवहरु सम्झनु पर्छ ।

(ग) "नगरपालिका" भन्नाले पनौती नगरपालिका सम्झनु पर्छ ।

(घ) "कार्यपालिका" भन्नले पनौती नगरपालिकाको कार्यपालिका सम्झनु पर्छ ।

(ङ) "सभा" भन्नाले पनौती नगरपालिकाको नगरसभा सम्झनु पर्छ ।

(च) "प्रमुख" भन्नाले पनौती नगरपालिकाको प्रमुख सम्झनु पर्छ ।

(छ) "उपप्रमुख" भन्नाले पनौती नगरपालिकाको उपप्रमुख सम्झनु पर्छ ।

(ज) "निर्देशक समिति" भन्नाले दफा ६ बमोजिम गठित निर्देशक समिति सम्झनु पर्छ ।

(ट) "समिति" भन्नले दफा ९ बमोजिम गठित वडास्तरीय संपदा संरक्षण समिति सम्झनु पर्छ र यस शब्दले कार्यपालिकाले गठन गरेको बिषयगत समिति संस्कृति तथा सम्पदा समिति समेतलाई सम्झनु पर्छ ।

(ठ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐनमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ड) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले पनौती नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ढ) "वडा समिति" भन्नाले पनौती नगरपालिकाका विभिन्न १२ वडा समिति सम्झनु पर्छ ।

(ण) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(त) "उपाध्यक्ष" भन्नाले समितिको उपाध्यक्ष सम्झनु पर्छ ।

(थ) "सचिव" भन्नाले समितिको सचिव सम्झनु पर्छ ।

(द) "कोषाध्यक्ष" भन्नाले समितिको कोषाध्यक्ष सम्झनु पर्छ ।

(ध) "विज्ञ" भन्नाले साँस्कृतिक/सम्पदाको क्षेत्रमा विशेष ज्ञान भएको प्राज्ञ वा प्राविधिज्ञ सम्झनु पर्छ ।

(न) "संरक्षण तथा व्यवस्थापन समिति " भन्नाले सम्पदा संरक्षणका लागि गठित समिति सम्झनु पर्दछ ।

## परिच्छेद-२
## विशेष क्षेत्र घोषणा गर्न सक्ने

**३. विशेष क्षेत्र घोषणा गर्न सकिने :** (१) साँस्कृतिक सम्पदाको संरक्षण, संवर्धन र विकासको लागी नगर कार्यपालिकाले देहाय बमाजिम विषेश क्षेत्र तोक्न वा घोषणा गर्न सक्नेछ :

(क) विशेष संरक्षित क्षेत्र,
(ख) धार्मिक क्षेत्र,
(ग) पर्यटकीय क्षेत्र,
(ग) निषेधित क्षेत्र

(२) उपदफा (१) मा उल्लेख भएका क्षेत्रमा सार्वजनिक लाभ र उपयोगिताका सामुदायिक वन, पार्क, धार्मिक विद्यालय, आश्रम, पाटी पौवा आदि समेत समावेश हुनेछन् र त्यस क्षेत्रको उत्थान र विकासका लागि वडा समितिको सिफारिसमा नगर कार्यपालिकाले आवश्यक कार्य अगाडि बढाउन सक्नेछ ।

(३) नगरपालिकाका तर्फबाट लगानी गरी कार्यक्रम संचालन गर्दा उल्लेखित क्षेत्रको प्राकृतिक स्वरुप र स्थानीय लाभग्राही एवं सरोकारवालाको हितमा प्रतिकुल प्रभाव नपर्ने गरी कार्य संचालन गरिनेछ ।

**४. आवश्यक मापदण्ड तोक्न सक्ने :** (१) दफा ३ बमोजिम निर्धारित क्षेत्रको व्यवस्थापन र प्रवर्द्धन गर्नका लागि उक्त स्थानमा शान्ति सुरक्षा र अमन चयन कायम गर्न लागु पदार्थ र दुर्व्यवसनको उपभोग र विक्रि वितरण रोक्का गर्ने, अनावश्यक भेला, जुलुस रोक्ने लगायतका कार्यहरुकालागि नगरपालिकाले आवश्यक मापदण्डको निर्धारण गर्नेछ ।

**५. निषेध गर्न सक्नेः** (१) साँस्कृतिक सम्पदा क्षेत्रको संरक्षणको लागी निश्चित मानवीय कियाकलापहरुमा नगरपालिकाले प्रतिवन्ध लगाउन सक्नेछ ।

(२) उपदफा (१) बमाजिम प्रतिवन्धित एवं निषेध गरिएको क्रियाकलापको प्रभावबाट साँस्कृतिक/सम्पदा क्षेत्रलाई जोगाउन पर्याप्त प्रचार प्रसार र सूचना बोर्डको व्यवस्था गर्नु पर्नेछ ।

## परिच्छेद-३
## निर्देशक समितिको गठन, काम, कर्तव्य, अधिकार र बैठक

**६. निर्देशक समितिको गठन :**

(१) साँस्कृतिक सम्पदा संरक्षणको योजना तर्जुमा, कार्यान्वयनमा सहजीकरण, अनुगमन र मूल्याङ्कन गर्न तथा समितिलाई परामर्श एवं निर्देशन दिने कार्य गर्नका लागि नगरपालिकामा एक निर्देशक समितिको गठन गरिनेछ ।

(२) निर्देशक समितिमा देहायबमोजिमका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरु रहने छनः-

(क) नगरपालिकाको प्रमुख - अध्यक्ष

(ख) उप-प्रमुख - उपाध्यक्ष

(ग) कार्यपालिकाले तोकेको कार्यपालिकाका महिला, दलित, जनजाती सदस्य मध्ये १ जना - सदस्य

(घ) विषयगत समितिको संयोजक - सदस्य

(ङ) बिषय विज्ञ -१, महिला -२, अन्य -१ गरी बढीमा ४ जना (सम्बन्धित क्षेत्रको बसाई, अध्ययन, योगदान र अनुभव समेतका आधारमा कार्यपालिकाबाट तोकिएका) - सदस्य

(च) प्रमुख प्रशासकीय अधिकृत -सदस्य सचिव

**७. निर्देशक समितिको बैठक :**

(१) समितिको बैठक प्रत्येक महिनामा एक पटक बस्नेछ ।

(२) अध्यक्षको निर्देशनमा निर्देशक समितिका सदस्य सचिवले समितिको बैठक बोलाउनेछ ।

(३) बैठकको अध्यक्षता निर्देशक समितिका अध्यक्षले गर्नेछ ।

(४) तत्काल कायम रहेका कुल सदस्य सङख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा निर्देशक समितिको बैठकका लागि गणपूरक सङख्या पुगेको मानिनेछ ।

(५) बैठकमा बहुमतको निर्णय निर्देशक समितिको निर्णय मानिनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(६) बैठकको निर्णय निर्देशक समितिका अध्यक्षद्धारा प्रमाणित गरिने छ ।

(७) निर्देशक समितिको बैठकमा आवश्यकताअनुसार सल्लाहकार, कुनै पदाधिकारी वा विशेषज्ञलाइ आमन्त्रण गर्न सकिनेछ ।

(८) बैठकसम्बन्धी अन्य कार्यविधि निर्देशक समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ ।

**८. निर्देशक समितिको काम, कर्तव्य र अधिकार :**

निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) नगरपालिकाभित्रका सांस्कृतिक सम्पदाहरुको संरक्षण र विकासको लागी गुरुयोजना तयार गर्ने,

(ख) प्राचीन सम्पदाहरुलाई विश्व सम्पदाको रुपमा सूचीकृत गर्नको लागि कार्ययोजना बनाई पेश गर्ने,

(ग) विशेष, संरक्षित क्षेत्र तोक्न वा घोषणाको लागि नगरकार्यपालिका समक्ष सिफरिस गर्ने,

(घ) सांस्कृतिक सम्पदाहरुको प्रचार, प्रसार गर्ने,
(ङ) नगरपालिकाभित्रका वडा समितिहरुलाई सहजीकरण गर्ने,
(च) नगरपालिकाभित्रका समितिहरुसंग समन्वय कायम गर्ने,
(छ) समितिहरुलाई सवलीकरणको लागी आवश्यक पहल गर्ने,
(ज) समितिबाट भएका काम, कारवाहीको अनुगमन र मूल्यांकन गर्ने ।
(झ) जात्रा पर्वहरु (अमुर्त सम्पदा) संचालनका लागि सम्बन्धित वडा समितिसँग समन्वय गर्ने ।
(ञ) प्रचलित भाषा, लिपी संरक्षण सर्म्बधनको लागि कार्य योजना बनाई कार्यान्वयन गर्ने ।
(ट) स्वीकृत बार्षिक कार्यक्रम (धर्म, संस्कृती, सम्पदा आदिसँग सम्बन्धित) को कार्यान्वयनका लागि संचालन गर्ने क्रियाकलापहरु स्वीकृत गर्ने, निर्देशन दिने, कार्यको अनुगमन गर्ने ।

## परिच्छेद-४
## वडास्तरीय समितिको गठन, काम, कर्तव्य, अधिकार र बैठक

**९. समितिको गठन :**

(१) पनौती नगरपालिकाका प्रत्येक वडामा साँस्कृतिक सम्पदा संरक्षण र व्यवस्थापनको लागि सम्बन्धित वडा समितिको सिफारिसमा निर्देशक समितिले देहाय बमोजिम समिति गठन गर्नेछ ।

| | |
|---|---|
| क) सम्बन्धित वडाका वडा अध्यक्ष | अध्यक्ष |
| ख) वडा समितिले तोकेको वडा सदस्य १ जना | सदस्य |
| ग) वडा क्षेत्रका सामुदायिक/संस्थागत विद्यालयको सामाजिक बिषय अध्यापन गराउने बरिष्ठ शिक्षक | सदस्य |
| घ) बिषय क्षेत्रका बिज्ञहरु मध्येबाट १ जना | सदस्य |
| ङ) स्थानीय गुठी जात्रा समिति मध्येबाट १ जना | सदस्य |
| च) स्थानीय संघ संस्थाहरुबाट १ जना | सदस्य |
| छ) सम्बन्धित वडाको वडा सचिव | सदस्य सचिव |

(२) आवश्यकता र औचित्यका आधारमा तत्काल गर्नुपर्ने विशेष कार्य सम्पादन गर्नका लागि निर्देशक समितिले थप स्थानिय समिति गठन गर्न सक्नेछ ।

**१०. समितिको बैठक :**
(१) समितिको बैठक महिनामा एक पटक बस्नेछ ।
(२) अध्यक्षको निर्देशनमा समितिको सचिवले बैठक बोलाउनेछ ।
(३) बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ ।

(४) तत्काल कायम रहेका कुल सदस्य सङख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकका लागि गणपूरक सङख्या पुगेको मानिनेछ ।

(५) बैठकमा बहुमतको निर्णय समितिको निर्णय मानिनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(६) बैठकको निर्णय समितिको अध्यक्षद्धारा प्रमाणित गरिने छ ।

(७) समितिको बैठकमा आवश्यकताअनुसार नगरपालिकाका वा निर्देशक समितिका पदाधिकारी, कर्मचारी वा विषयविज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(८) बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

**११. <u>समितिको काम, कर्तव्य र अधिकार</u> :** समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) मठ, मन्दिर, जात्रा, पर्व इत्यादि परम्परा अनुसार नियमित सन्चालनको व्यवस्था मिलाउने,

(ख) स्थानीय भाषा, संस्कृतिको जगेर्ना गर्ने,

(ग) स्थानीय संस्कृति र वाद्यवादनको परम्परालाई संरक्षण गर्ने,

(घ) लोपोन्मुख जाति, सम्प्रदाय संरक्षणको लागि विशेष पहल गर्ने,

(ङ) स्थानीय गुठी परम्परालाई व्यवस्थापन र संवर्द्धन गर्ने ।

(च) स्थानीय जात्रा, पर्वको इतिहास र महत्वको बारेमा प्रचार प्रसार गर्ने,

(छ) साँस्कृतिक सम्पदा क्षेत्रमा प्रवेश वा अन्य प्रयोजनको लागी शुल्क निर्धारण गर्ने, तर त्यस्तो शुल्क निर्धारण गर्नुपूर्व निर्देशक समितिको स्वीकृति लिनु पर्नेछ ।

(ज) संग्रालयहरुको संचालन व्यवस्थापन तथा संरक्षण गर्ने ।

(झ) जात्रा, पर्व, पुजा मुल व्यवस्थापन समितिलाई निर्देशन दिने ।

(ञ) नगरपालिकाको सँस्कृति तथा सम्पदा समितिसंग समन्वय गर्ने ।

(ट) वडा क्षेत्रका सँस्कृति सम्पदाबिदको भेला बोलाउने, सम्पदाको विवरण अद्यावधिक गर्ने, भाष, कला सम्पदा र संस्कृती विज्ञको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउने व्यक्तिलाई सम्मान, कदर गर्ने ।

(ठ) धार्मिक क्षेत्र, साँस्कृतिक क्षेत्र तोक्नु पर्ने भए सोको महत्व कारण र औचित्य खोली निर्देशक समितिमा सिफारिश गर्ने ।

(ड) सम्पदा क्षेत्रको सुरक्षा, सरसफाई, संरक्षण र मर्मत संभारको समुचित प्रबन्ध गर्ने ।

(ढ) प्रचलित कानून बमोजिम सहयोग प्राप्त गर्ने, लिने र सोको अभिलेख राख्ने ।

(ण) वडा क्षेत्र भित्र मेला उत्सव, समारोहलाई प्रचलित ब्यबस्था बमोजिम अनुमति दिने ।

(त) अक्षयकोष संचालन कार्यविधि संचालन र प्रयोजनमा समन्वय गर्ने, प्रभावकारी बनाउने ।

(थ) सम्पदामैत्री घर संरचना निर्माणको प्रोत्साहन रकम उपयोगका लागि उपयुक्त सहयोग, समन्वय गरी थप प्रभावकारी वनाउने ।

(द) सम्पदा मैत्री घर संरचना बनाउन आवश्यक परामर्श, प्रेरणा र उपयुक्त कार्य वातावरण वनाउने ।

(ध) मातृभाषाको संरक्षण र जगेर्ना गर्ने ।

## परिच्छेद-५
## विविध

**१२. सामन्जस्यता कायम गर्नु पर्ने :**

नगरपालिकाभित्र संचालित समितिहरुले आपसी सामन्जस्यता कायम गरी कार्य गर्नु पर्नेछ ।

**१३. नगर कार्यपालिकाले निर्देशन दिन सक्नेः**

(१) साँस्कृतिक सम्पदा संरक्षणको लागी नगर कार्यपालिकाले निर्देशक समिति, वडा समिति र समितिलाई समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) यस दफा बमोजिमको निर्देशनको पालना गर्नु सम्बन्धित समितिको कर्तव्य हुनेछ ।

**१४. लेखा परीक्षण र आन्तरिक परीक्षण गराउनु पर्ने :**

(१) समितिले प्रत्येक वर्ष आफ्नो कारोबार एवं हिसाब कितावको लेखा परीक्षण प्रचलित नियम कानूनमा व्यवस्था भए बमोजिम गराउनु पर्नेछ ।

(२) समितिको आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१५. समिति भंग गर्न सकिने :**

(१) यस ऐनको उद्देश्य विपरीत कार्य गर्ने वा निर्देशनको पालना नगर्ने स्थानीय समितिलाई निर्देशक समितिले विघटन गर्न सक्नेछ ।

(२) यस दफा बमोजिम समिति विघटन भएको खण्डमा वडा समितिले अर्को समिति गठन गर्न/गराउन सिफारिस गर्नुपर्नेछ ।

**१६. प्रतिवेदन पेस गर्नुपर्ने :**

(१) निर्देशक समितिले नगर सभामा र समितिले प्रत्येक वर्ष आफ्नो वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको मितिले एक महिनाभित्र कार्यपालिकामा पेस गर्नुपर्नेछ ।

**१७. <u>नियमावली, निर्देशिका, कार्यविधि तथा दिग्दर्शन बनाउन सक्ने</u> :** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्नेछ।

**१८. विविध :**

प्राचिन स्मारक क्षेत्र लगायत विश्व सम्पदा सूची सम्बन्धी आवश्यक गतिविधि लगायत तत् सम्बन्धी नीतिगत ब्यबस्था गर्नु पूर्व नगरपालिकाले अन्तराष्ट्रिय मापदण्ड र नेपाल सरकारको सम्बन्धित निकायसंग आवश्यक राय सल्लाह परामर्श लिने र नीतिगत सहमति लिनुपर्ने भए सो समेत लिनुपर्ने छ।

**आज्ञाले**

**प्रमाणीकरण मिति : २०८१/०३/३१**

**राम प्रसाद आचार्य**
**प्रमुख प्रशासकीय अधिकृत**

*सर्वाधिकार : पनौती नगरपालिका* *मुद्रित : ३०० प्रति* *मुद्रण : न्यू पनौती प्रिन्टिङ प्रेस*

पनौती नगरपालिका, २०७३